# महाकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## खलंगा दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

### नगर प्रहरी भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/११

महाकाली नगरपालिकामा नगर प्रहरी तर्फ प्रहरी सहायक निरीक्षक, प्रहरी हवलदार र प्रहरी जवान पदहरूमा खुला प्रतियोगिताद्वारा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरू बाट रु. १०।- को टिकट टाँसी दरखास्त पेस गर्न आह्वान गरिन्छ।

आवश्यक माग पद संख्या ;-

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८।२०७९।८० | प्रहरी सहायक निरीक्षक | १ | ० | १ |
| २ | ९।२०७९।८० | प्रहरी हवलदार | २ | ० | २ |
| ३ | १०।२०७९।८० | प्रहरी जवान | ७ | ३ | १० |

२. दरखास्त फाराम दर्ता मितिः- २०७९/१०/११ गते देखि २०७९/१०/२५ गते सम्म।

३. दरखास्त राजश्वः-

| क्र.सं. | पद | राजस्व |
|---|---|---|
| ११ | प्रहरी सहायक निरीक्षक | दरखास्त फाराम साथ राजस्व दस्तुर बापत रु ५००।- (पाँच सय रुपैयाँ) बुझाउनु पर्नेछ। |
| २२ | प्रहरी हवलदार | दरखास्त फाराम साथ राजस्व दस्तुर बापत रु. ४००।- (चार सय रुपैयाँ) बुझाउनु पर्नेछ। |
| ३३ | प्रहरी जवान | दरखास्त फाराम साथ राजस्व दस्तुर बापत रु. ३००।- (तिन सय रुपैयाँ) बुझाउनु पर्नेछ। साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि १००।- (रु. एक सय) का दरले थप दस्तुर लाग्नेछ। |

४. आवश्यक न्यूनतम योग्यता र उमेरको हद;-

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| ११ | प्रहरी सहायक निरीक्षक | १. महाकाली नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ।<br>२. योग्यताः नेपाली सेना, सशस्त्र प्रहरी वा जनपद प्रहरीको हवलदार वा सहायक निरीक्षक पदबाट अकास प्राप्त व्यक्ति हुनु पर्नेछ।<br>३. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म ४८ वर्ष ननाघेको हुनु पर्नेछ।<br>४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको। |

ईमेलः info@mahakalimun.gov.np, mmdarchula@gmail.com,
website: www.mahakalimundarchula.gov.np
Facebook page: https://www.facebook.com/mmdarchula
फोन नं. ०९३-४२०१३७, टोल फ्री नं. १६६०९३४२१३७

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | ५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको । |
| २ | प्रहरी हवलदार | १. महाकाली नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ ।<br>२. योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको ।<br>३. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको । नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>५. उचाइ, छाती र तौल ;पुरुष - उचाइ घटीमा ५ फिट २ इन्च, छाती- ३१-३३, तौल- ५० के.जी. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>६. नेपाली सेना, सशस्त्र प्रहरी वा जनपद प्रहरी सेवामा बहालवाला वा अवकाश प्राप्त वा राजीनामा दिई उपदान लिएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।<br>७. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको हुनु पर्नेछ । |
| ३ | प्रहरी जवान | १. नेपाली नागरिक हुनु पर्नेछ ।<br>२. योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको ।<br>३. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाण पत्र भएको ।<br>५. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भइ ३५ वर्ष ननाघेको हुनु पर्नेछ ।<br>६. उचाई, छाती र तौल ; पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती- ३१-३३, तौल- ५० के.जी. महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. ।<br>७. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, |

५. दरखास्त साथ समावेश गर्नु पर्ने कागजातहरू :-

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि १ (एक) थान ।

(ख) हाल सालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रस्ट देखिने एकै किसिमको पासपोर्ट साईजको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) २ प्रति ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(ग) दरखास्त फाराम सँग संलग्न गरी पेश गर्ने कागजातहरूको प्रतिलिपिको पछाडि पट्टि सक्कल बमोजिम नक्कल ठीक छ भनी उम्मेदवार स्वयंले अनिवार्य रूपमा दस्तखत गर्नु पर्नेछ ।

**६. परीक्षा विधि:-**

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा,

(ख) स्वास्थ्य परीक्षण,

(ग) लिखित परीक्षा

a. वस्तुगत बहु उत्तर प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरिने व्यहोरा जानकारी गराइनेछ ।

b. वस्तुगत बहु उत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter)) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।

(घ) अन्तर्वार्ता

**७. परीक्षा सञ्चालन हुने स्थान:- महाकाली नगरपालिकाको सभा हल ।**

पुनश्च:

१. हरेक चरणको परीक्षाको समाप्ति पश्चात नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरूलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

२. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा सञ्चालन गरिनेछ र निजहरूले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरू बीच छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत